**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन १३ गते बुधबार ❑ 29 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा बसपार्कको विषयमा सांसद पौडेल र मेयर आचार्यको फरक मत

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन



पोखरा बसपार्क क्षेत्रका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन र बहुप्रतीक्षित बसपार्क निर्माणको विषयमा कास्की-२ का प्रतिनिधिसभा सदस्य उत्तम पौडेल र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यबीच दृष्टिकोणमा फरकपन सार्वजनिक रूपमा देखिएको छ।

दुवै पक्षले सुकुम्बासीको हित र कानुनी व्यवस्थापनलाई आफ्नो प्राथमिकता भएको बताउनु भएको छ, तर समाधानको प्रक्रिया र कार्यान्वयनको विधिमा भने फरक धारणा व्यक्त गर्नु भएको छ। सांसद पौडेलले बसपार्क क्षेत्रमा स्थानीयसँगको भेटघाटका क्रममा वास्तविक सुकुम्बासीलाई नआत्तिन आग्रह गर्दै केही महिनाभित्र घर-घरमा लालपूर्जा वितरणको प्रक्रिया अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि संघीय सरकार र भूमि व्यवस्था मन्त्रालयसँग आवश्यक कानुनी तथा नीतिगत छलफल भइरहेको जानकारी दिनुभयो।

उहाँका अनुसार सुकुम्बासीलाई केवल बसोबासको अधिकार मात्र नभई शिक्षा, स्वास्थ्य र आधार भूत पूर्वाधारसहितको व्यवस्थित बस्ती निर्माण गर्ने दीर्घकालीन सोच सरकारको प्राथमिकतामा छ । आफ्नो अभिव्यक्तिलाई अभिलेखका रूपमा राख्न आग्रह गर्दै उहाँले आगामी भेटसम्म लालपूर्जा वितरणको प्रक्रिया अगाडि बढिसकेकोअवस्थादेखिने विश्वास समेत व्यक्त गर्नुभयो । सांसद पौडेलको अभिव्यक्तिपछि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै सुकुम्बासी व्यवस्थापन कानुन, प्रक्रिया र स्थानीय सरकारको जिम्मेवारीअनुसार अघि बढिरहेको स्पष्ट पार्नुभयो। मेयर आचार्यका अनुसार पोखरा महानगरपालिकाले देशभरका स्थानीय तहमध्ये सबैभन्दा पहिले २० हजार १०६ परिवारलाई सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको निस्सा वितरण गरेको छ। वास्तविक लाभग्राहीको पहिचान, प्रमाणिकरण तथा व्यवस्थापनको काम सम्बन्धित वडा कार्यालय, प्राविधिक समिति र कानुनी प्रक्रियाअनुसार अन्तिम चरणमा पुगेको उहाँको भनाइ छ। मेयर आचार्यले महानगरको उद्देश्य कसैलाई विस्थापित गर्नु नभई वास्तविक सुकुम्बासीको सम्मानजनक व्यवस्थापन गर्दै लामो समयदेखि रोकिएको पोखरा बसपार्क निर्माणलाई निष्कर्षमा पुऱ्याउनु रहेको बताउनुभयो। यदि डोजर चलाउने मात्र उद्देश्य भएको भए त्यो धेरैअघि नै भइसक्थ्यो भन्दै उहाँले व्यवस्थापनलाई नै पहिलो प्राथमिकता दिएको स्पष्ट पार्नुभयो।

मेयर आचार्यले सांसद पौडेलले सार्वजनिक रूपमा व्यक्त गर्नुभएको घर-घरमा लालपूर्जा वितरणसम्बन्धी प्रतिबद्धताको कानुनी आधार र कार्यान्वयनको खाका सार्वजनिक गर्न आग्रह गर्नुभएको छ । उहाँले प्रतिनिधिसभा सदस्यको हैसियतमा आवश्यक कानुनी संशोधन गर्न सकिने भए त्यसतर्फ पहल गर्नसमेत सुझाव दिनुभयो। यता, सांसद पौडेलले भने स्थानीय तहले उचित विकल्प नदिई कुनै पनि बस्ती हटाउने प्रक्रिया अघि बढाउन नहुने धारणा राख्दै सुकुम्बासीको दीर्घकालीन हित सुनिश्चित गर्न संघीय स्तरबाट आवश्यक पहल भइरहेको बताउनुभएको छ।

पोखरा महानगरपालिकाले बसपार्क क्षेत्रका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन, पहिचान र व्यवस्थापनको प्रक्रिया अन्तिम चरणमा पुगेको जनाएको छ। प्रशासन महाशाखा प्रमुख कृष्ण तिवारीको संयोजकत्वमा गठित समितिले पहिचानको काम सम्पन्न गरिसकेको छ भने वडा नं. १७ का अध्यक्ष राधिका शाही योगीको संयोजकत्वमा गठित जग्गा खोजी समितिले वैकल्पिक स्थानबारे सिफारिस बुझाइसकेको छ । पूर्वन्यायाधीशको संयोजकत्वमा बनेको न्यायिक निरूपण समितिले पनि आफ्नो प्रतिवेदन महानगरलाई बुझाइसकेको छ।

महानगरले साउन १८ गते अन्तिम नामावली सार्वजनिक गर्ने तयारी गरेको जनाएको छ। त्यसपछि वास्तविक सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन तथा गैरसुकुम्बासीको हकमा कानुनबमोजिम आवश्यक प्रक्रिया अघि बढाइने बताइएको छ। अर्कोतर्फ, बसपार्क क्षेत्रका लालपूर्जा भएका अधिकांश जग्गाधनीले आफ्ना संरचना हटाइसकेका छन् । तर त्यहाँ बसोबास गरिरहेका केही सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले उचित विकल्प र पुनःस्थापनाको सुनिश्चितता नभएसम्म हट्न नसकिने अडान लिँदै आएका छन्।

## कांग्रेस नेता श्रेष्ठको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन



नेपाली कांग्रेसका नेता एवं पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठको ७९ वर्षको उमेरमा मंगलबार निधन भएको छ।

उहाँको जावलाखेलस्थित हेलिअस हस्पिटलमा उपचारका क्रममा निधन भएको कांग्रेस प्रवक्ता देवराज चालिसेले जानकारी दिनुभयो । नेता श्रेष्ठको शव बुधबार पार्टी केन्द्रीय कार्यालय सानेपामा श्रद्धाञ्जलीका लागि राखिने र त्यसपछि शव यात्रासहित पशुपति आर्यघाटमा दाहसंस्कारका लागि लगिने पार्टी कार्यलयले जनाएको छ । यसैगरी नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीका वरिष्ठ नेता गोपालमान श्रेष्ठको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ । "नेपालको लोकतान्त्रिक आन्दोलन, पार्टी सङ्गठन निर्माण र लोकतन्त्रको रक्षाका निम्ति उहाँको अविचलित भूमिका सधैँ प्रेरणादायी रहनेछ, "सभापति थापाले भन्नुभएको छ, "स्याङ्जाबाट सुरु भएका उहाँको राजनीतिक यात्रा, पार्टीको कार्यवाहक सभापति, पूर्व उपप्रधानमन्त्री, शिक्षामन्त्री तथा केन्द्रीय सदस्यका रूपमा पार्टी र देशका लागि पुऱ्याउनुभएको योगदान अविस्मरणीय छ।"

यसैबीच कांग्रेसका निवर्तमान सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले शोक सन्देशमार्फत स्व श्रेष्ठप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्नुभएको छ । नेपालको लोकतान्त्रिक आन्दोलनमा उहाँले निभाउनुभएको अग्रणी भूमिका सधैँ स्मरणीय रहने पूर्वप्रधानमन्त्री देउवाले उल्लेख गर्नुभएको छ । यसैगरी राष्ट्रप्रति रामचन्द्र पौडेलले लोकतान्त्रिक आन्दोलनका योद्धा एवम् पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठको निधनको खबरले आफू मर्माहत भएको बताउनुभएको छ । राष्ट्रपति पौडेलले मुलुकमा लोकतन्त्र स्थापना र पुनःस्थापनाका लागि भएका सङ्घर्षका कठिन दिनहरूमा नेपाली कांग्रेसका नेता श्रेष्ठले पुऱ्याउनुभएको योगदान सदा स्मरणीय रहने बताउनुभएको छ । उहाँले नेता श्रेष्ठलाई सदैव सरल र लोकतन्त्रप्रति समर्पित व्यक्तिका रूपमा आफूले चिन्ने मौका पाएको बताउँदै उहाँको निधनले मुलुकको लोकतन्त्र र लोकतान्त्रिक आन्दोलनमा अपूरणीय क्षति पुगेको महसुस गरेको सामाजिक सञ्जाल एक्समा उल्लेख गर्नुभएको छ।

साथै, राष्ट्रपति पौडेलले स्व श्रेष्ठप्रति श्रद्धाञ्जलीसहित दुःखको यस घडीमा शोक सन्तप्त परिवारजन र शुभेच्छुकहरूमा समवेदना व्यक्त गर्नुभएको छ।

## गण्डकीका दुई हजार ४३१ व्यावसायिक फर्मलाई कानुनी कारवाही

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन

नापतौल यन्त्रको अनियमित तथा अवैध प्रयोग गरेका गण्डकी प्रदेशका दुई हजार चार सय ३१ व्यावसायिक फर्मलाई कानुनी कारबाही गरिएको छ।

नापतौल यन्त्रको अनियमित तथा अवैध प्रयोग गरेमा स्टाण्डर्ड नापतौल ऐन, २०२५ र उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कानुनी कारवाही गरिएको गुणस्तर तथा नापतौल कार्यालय पोखराका प्रमुख मनोज पोखरेलले जानकारी दिनुभयो । गण्डकी प्रदेशमा पर्ने कास्की, गोरखा, लम्जुङ, स्याङ्जा, तनहुँ, मनाङ, मुस्ताङ, पर्वत, म्याग्दी र बागलुङ जिल्लाका व्यावसायिक फर्मका सञ्चालकलाई उक्त ऐनअनुसार कारवाही गरिएको हो । त्यसैगरी सो कार्यालयले नयाँ कारोबारका लागि एक हजार ७८ र पुरानो २८ वटा व्यावसायिक फर्मलाई नवीकरण गरी नापतौलयन्त्र प्रयोग गर्न अनुमतिपत्र प्रदान गरेको छ । कार्यालयले आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न शीर्षकबाट रु ७८ लाख ५२ हजार नौ सय ६७ राजस्व सङ्कलन गरेको छ।

## रास्वपा सभापति लामिछानेद्वारा पूर्वी जिल्लामा शान्ति र संयमता अपनाउन अपिल

**रासस**
काठमाडौं, १२ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सुनसरीलगायत पूर्वी जिल्लामा हालै घटेको घटनाप्रति दुःख व्यक्त गर्दै शान्ति, संयमता र सामाजिक सदभाव कायम राख्न सबैमा अपिल गर्नुभएको छ।

सभापति लामिछानेद्वारा मंगलबार जारी विज्ञप्तिमा घटनामा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली तथा शोकाकूल परिवारजनमा समवेदना व्यक्त गर्दै घाइते नागरिक तथा सुरक्षाकर्मीको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ।

विज्ञप्तिमार्फत उहाँले रास्वपाका स्थानीय समितिका सम्पूर्ण सदस्यलाई सदभाव कायम राख्न सहयोगी भूमिका खेल्न निर्देशन समेत दिनुभएको छ।

सभापति लामिछानेले कुनै पनि समस्या, असन्तुष्टि वा विवादको समाधान हिंसा र मुठभेडबाट हुन नसक्ने उल्लेख गर्दै बहुलवादी संस्कृति, आपसी एकता, सहिष्णुता र सामाजिक सदभाव खल्बलिने गतिविधि नगर्न तथा नगराउन आम नागरिक, नागरिक अगुवा, धार्मिक तथा सामाजिक व्यक्तित्व र सरोकारवाला पक्षलाई आग्रह गर्नुभएको छ । उहाँले उत्तेजना र अफवाहको पछि नलागी उच्च संयमता अपनाउन आह्वान गर्नुभएको छ।

"यस संवेदनशील परिस्थितिमा तत्काल शान्ति सुरक्षा कायम गर्न, नागरिकको जीउधनको रक्षा गर्न र परिस्थिति सामान्यीकरण गर्न सरकार तथा स्थानीय प्रशासनसँग निरन्तर सहजीकरणमा छौ", उहाँले विज्ञप्तिमा भन्नुभएको छ।

घटनाको मुख्य कारणसम्म पुग्ने गरी स्वतन्त्र, निष्पक्ष र द्रुत छानबिन गरी दोषीमाथि कडा कानुनी कारबाही गर्न तथा पीडित पक्षलाई उचित न्याय र राहत उपलब्ध गराउन पनि उहाँले सरकारको ध्यानाकर्षण समेत गराउनुभएको छ।

"घटनालाई कुनै पनि बहानामा राजनीतिकरण नगर्न सबै राजनीतिक दल तथा सम्बद्ध पक्षसँग विशेष आग्रह गर्दछौ", सभापति लामिछानेले विज्ञप्तिमा उल्लेख गर्नुभएको छ।


**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**


- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔ र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

**सूक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# सुनसरी घटना सरकारको कमजोरी

सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्ज बजारमा साउने सोमबारको पूर्वसन्ध्यामा झण्डा टाँग्ने विषयमा उत्पन्न विवादले उग्र रूप लिँदा सुरक्षाकर्मीको गोली लागेर एक जनाको मृत्यु भयो । नौ जना सर्वसाधारण घाइते भएका छन् । प्रहरीले चलाएको गोली लागेर देवानगञ्ज-३ का २४ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भयो । घटनामा प्रहरी र सशस्त्र प्रहरीले २५ राउन्ड हवाई फायर तथा गोली चलाएको सार्वजनिक भएको छ । उक्त घटनापछि सरकारले कोशी प्रदेश प्रहरी प्रमुख विनोद घिमिरे, सुनसरीका प्रजिअ वासुदेव घिमिरे, प्रहरी उपरीक्षक केशव थेवे नेपाल प्रहरी र एसपी श्याम कुमार कार्की र डिएसपी नन्द किशोर महतो सशस्त्र प्रहरीलाई फिर्ता बोलाएको छाउनीहरूको ठाउँमा डिआईजी शेखर खनाल, प्रजिअमा ईश्वरीप्रसाद अर्याल, एसपी पुष्पराज मल्ल, सशस्त्र एसपी लव कुमार सापकोटा, डिएसपी मदन नाथलाई पठाएको छ । घटनाको विषयमा छानबिन गर्न । गृहमन्त्रालयका सहसचिव भुपेन्द्र थापाको अध्यक्षतामा पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ ।

स्थानीयका अनुसार आइतबार बेलुका साढे ७ बजेतिर कप्तानगञ्ज बजारस्थित मन्दिरमा साउने सोमबारको तयारी स्वरूप पोलमा झण्डा राख्न लागिएको थियो । सोही क्रममा एउटा समूहले अवरोध गर्न खोजेपछि दुई पक्षबीच झडप सुरु भएको थियो । झडप नियन्त्रणमा लिन पुगेको प्रहरी र सर्वसाधारणबीच तनाव बढेपछि सुरक्षाकर्मीले गोली चलाएका थिए । घाइते हुनेहरूमा मिथलेश मेहता, जयप्रकाश मेहता, अमलेश मेहता, अमित यादव, रविन्द्र मेहता, अमितकुमार यादव, सुनिलकुमार मेहता र सुनिल मेहता लगायत रहेका छन् । घाइतेहरूको विराटनगरस्थित न्युरो अस्पताल, नोबेल अस्पताल र विराट नर्सिङ होममा उपचार भइरहेको छ । अस्पतालमा उपचाररत अधिकांश घाइतेहरूको कम्मरभन्दा माथिको भाग (पेट, ढाड र गर्दन) मा गोली लागेको छ ।

आइतबार बेलुका बोलबोमका लागि झन्डा राख्नेक्रममा स्थानीय दुई धार्मिक समूहबीच भएको झडप नियन्त्रण गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालित भएका थिए । झडप नियन्त्रणमा लिन भन्दै सुरक्षा संगठनबाट गोली प्रहार भएको थियो । सार्वजनिक भएको घटनाक्रमले सुरक्षाकर्मीले प्रारम्भमै अधिक बल प्रयोग गरेको देखिन्छ । उपचारका लागि अस्पतालमा भर्ना भएका अधिकांश घाइतेहरूको कम्मरमाथि गोली लाग्नुले पनि सुरक्षा संगठनको भिड नियन्त्रण विधि पून बहसमा आएको छ । झडपपछि जिल्ला प्रशासन कार्यालयले पाँच क्षेत्रमा अनिश्चितकालिन कर्फ्यु आदेश जारी गरेर स्थिति नियन्त्रणमा लिने प्रयास गरेको छ । कर्फ्युमा पनि विरोध प्रदर्शन जारी रहेपछि जिल्ला सुरक्षा समितिको निर्णयको आधारमा नेपाली सेना सुरक्षा व्यवस्थामा खटिएको छ । स्थिति अझै नियन्त्रणमा आएको छैन । महेन्द्र राजमार्ग र इनरुवा नगरपालिकाका राजमार्ग क्षेत्रमा कर्फ्यु लगाइएको छ । उक्त घटनाले साम्प्रदायिक दंगा नहोस् भन्नेतर्फ सबैको ध्यान जानुपर्छ ।

भदौ २३ मा काठमाडौंको नयाँ बानेश्वरमा भएको विरोध प्रदर्शनमा सुरक्षा संगठनले अपनाएको भिड नियन्त्रण विधिको कटु आलोचना भयो। त्यसरी आलोचना गर्नेहरू नै अहिले सरकारमा छन् । सुरक्षा संगठनको आलोचना गर्ने अग्रपंतीमा रहेका व्यक्ति सुधन नै अहिले गृहमन्त्री छन् । प्रधानमन्त्री वालेन्द्र शाहदेखि गृहमन्त्री सुधनसम्मले भिड नियन्त्रणकाक्रममा भएका घटनामा प्रधानमन्त्री र गृहमन्त्रीको नैतिक जिम्मेवारी हुने दाबी गर्दै आएका थिए । जेनजी आन्दोलनबारे छानबिन गर्न गठित गौरीबहादुर कार्कीले पनि यस्तो घटनामा गोली चलाउन आदेश दिने चेन अफ कमान्डमा प्रधानमन्त्री र गृहमन्त्री नपरे पनि गोली चलाउन रोक्न आदेश दिने लगायतका काम नगरेको भन्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई जघन्य अपराधमा कार्वाहीको सिफारिस गरेको थियो ।

सोही सिफारिसको आधारमा वालेन्द्र शाह प्रधानमन्त्री नियुक्त भए लगत्तै मन्त्रिपरिषद्बाट सुरक्षा संयन्त्र बाहेकको हकमा कार्की आयोगको प्रतिवेदनको सिफारिस कार्यान्वयन गर्ने निर्णय गर्दै ओली र लेखक पक्राउ परेका थिए । भिड नियन्त्रणमा सुरक्षा संगठनले बल प्रयोग गर्दा त्यसको नैतिक जिम्मेवारी प्रधानमन्त्री र गृहमन्त्रीको समेत हुनेगरी कार्की आयोगले जसरी व्याख्या गरेको छ त्यसको आधारमा आइतबार बेलुका गोली चलेर एक नागरिकको मृत्यु भएको घटनाको नैतिक जिम्मेवारी वालेन्द्र र सुधनमा समेत देखिन्छ । जुन भाष्य निर्माण गरियो गलत थियो । यसको कारणबारे प्रधानसेनापति अशोकराज सिग्देलले गौरीबहादुर कार्की नेतृत्वको आयोगलाई सेना परिचालन हुन कि संकटकालको घोषणा हुनुपर्ने वा कि राष्ट्रिय सुरक्षा परिषद्ले सेना परिचालनको निर्णय गरेर त्यसलाई राष्ट्रपतीले अनुमोदन गर्नु पर्ने तर्क गर्दै यी दुबै नभएकाले सेना भदौ २४ को विध्वंस रोक्न परिचालित नभएको दाबी गरेका थिए । तर सोमबार सेना जिल्ला सुरक्षा समितिको निर्णयकै आधारमा परिचालित भएको छ । जिम्मेवारीमा रहनेहरुले नैतिक जिम्मेवारी लिनुपर्छ तर राजनीतिक प्रतिशोधको लागि अहिले त्यही भाष्य बनाउनु हुँदैन ।घटनाको सत्य तथ्य पत्ता लगाइ भविष्यमा यस्ता घटना दोहोरिन नदिन विश्वासिलो आयोग गठन गर्नु आवश्यक छ ।

# नेपाल केरामा आत्मनिर्भर उन्मुख

–अशोक घिमिरे
काठमाडौं, १२ साउन/रासस

सरकारको नीतिगत प्रयास र किसानको अथक मेहनतपछि नेपाल केरामा आत्मनिर्भर उन्मुख बनेको छ ।

केरा खेतीमा लाग्ने घातक पानामा टिआर-४ रोगको जोखिमप्रति सरकारले अपनाएको सजकता र उत्पादन बढाउने किसानको प्रयासपछि केराको परनिर्भरता कम हुँदै गएको छ ।

नेपालमा १५ हजार हेक्टर क्षेत्रफलमा केराखेती हुँदै आएको छ । केराखेतीमा सात हजार ६०० बढी किसान संलग्न छन् । गतवर्ष नेपालमा सात लाख मेट्रिकटन केरा उत्पादन भएको थियो । वार्षिक नौ लाख मेट्रिकटन केरा खपत हुँदै आएको तथ्याङ्क छ ।

अपुग दुई लाख मेट्रिकटन केरा उत्पादन गर्ने योजनाका साथ काम भइसकेको नेपाल केरा उत्पादक महासङ्घले जनाएको छ । अब नेपाली उत्पादनले बाह्रै महिनाको माग धान्न सक्ने छ । व्यापारीले पनि केराखेतीमा लगानी गरेका छन् । केरा बजारमा वार्षिक १२/१३ अर्बको कारोबार हुन्छ । नेपालका फलफूल व्यापारी स्वदेशी केराको उत्पादन बढेसँगै खुसी बनेका छन् । केरामा टिआर-४ रोग देखिऐपछि 'बायो-सेक्युरिटी'को हिसाबले सरकारले केरा आयातमा कडाइ गरेको थियो ।

गतवर्ष तीज, दसैं र तिहारमा नेपाली किसानले केरा प्रतिकोसा एक रुपैयाँमा पनि नबिकेर फाल्नुपरेको थियो । यसवर्ष भदौ, असोज र कात्तिकदेखि केराको उत्पादन अत्यधिक हुने अनुमान गरिएको छ । केरा आयातमा कडाइ नभएको भए नेपालमा केरा खेती नै विस्थापित हुने खतरा रहेको महासङ्घको भनाइ छ । "मूल्य नपाएर किसान केरा खेती छोडेर कोही विदेशिने अवस्था हुने थियो", महासङ्घका अध्यक्ष विष्णुहरि पन्तले भन्नुभयो । केराको आयातमा कडाइसँगै किसान पनि उत्पादन वृद्धिमा लागेको उहाँको भनाइ छ । "सरकारको नीतिगत सम्बोधनपछि हामी किसानले पनि केराको परनिर्भरता अन्त्य हुनुपर्छ भनेर उत्पादन यसरी बढायौं कि अहिले आत्मनिर्भर उन्मुख छौँ, अर्को वर्ष केरा निर्यात गर्न सक्छौँ", अध्यक्ष पन्तले राससँग भन्नुभयो । सरकारको सहयोग र किसानको मेहनतको फल अब छिट्टै आमनेपालीले चाख्न पाउने उहाँको भनाइ छ । महासङ्घले यसवर्ष केरामा आत्मनिर्भर र दुई वर्षमा निर्यातको लक्ष्य भेट्याउने भन्दै सरकारलाई विश्वस्त र किसानलाई उत्साहित बनाउँदै आएको थियो । "हामीले दुई वर्षमा केरामा आत्मनिर्भर हुन्छौं भनेका थियौं, सरकारको सहयोग र किसानको मेहिनतबाट दुई वर्ष पुग्नै परेन, अब अर्को वर्षदेखि नै निर्यात गर्न सक्छौँ", पन्तले भन्नुभयो । तराई/मधेसका क्षेत्र मात्रै होइन, पहाडी क्षेत्रमा पनि केरा खेती विस्तार हुँदै गइरहेको महासङ्घले जनाएको छ । गतवर्ष देशभर ५० देखि ६० लाख केराका नयाँ बिरुवा रोपिएको थियो । पहाडी क्षेत्र केराले भाउ पाएपछि किसानको मुहारमा खुसी छाएको छ । मुख्य चाडपर्वमा उपभोक्ताले सस्तोमा केरा पाउँछन् । महासङ्घले निजिकिँदै गरेका ठूला चाडपर्वमा उपभोक्ताले सस्तोमा स्वदेशी केरा खान पाउने दाबी गरेको छ । "आउँदै गरेको दशैँ, तिहार र छठमा उपभोक्तालाई सस्तोमा केरा खुवाउँछौँ, यो महासङ्घको प्रतिबद्धता हो", अध्यक्ष पन्तले भन्नुभयो । किसानले पनि अहिले केराको मूल्य राम्रो पाएका छन् । किसानले मालभोग केराको मूल्य प्रतिदर्जन रु १०० देखि १२० र हरियो केरा (जि-नाइन) को मूल्य प्रतिदर्जन रु ५० देखि ८० सम्म पाउने अवस्था बनेको महासङ्घको भनाइ छ । यसबाट केरा किसान खुसी छन् । "अर्को वर्ष योभन्दा पनि अझ सस्तो मूल्यमा उपभोक्ताले केरा पाउनेछन्", पन्तले भन्नुभयो । नेपाल फलफूल थोक व्यवसायी सङ्घका अध्यक्ष अमर बानियाँ स्थानीय उत्पादनले मूल्य पाउँदा किसान उत्साहित बने पनि अझै उपभोक्ताले केरा खान पाउने अवस्था बनिनसकेको बताउनुहुन्छ ।

अझै पनि बजारमा केरा प्रतिदर्जन रु २५० सम्म बिक्री भइरहेको जानकारी दिँदै उहाँले उत्पादन वृद्धिसँगै ग्रेडिङ र प्याकेजिङमा पनि किसानले ध्यान दिनुपर्ने बताउनुभयो । "अहिले किसान उत्साहित हुने वातावरण त बनेको छ, तर मूल्य घटाएर उपभोक्तालाई पनि खुसी बनाउनुपर्‍यो", उहाँले भन्नुभयो । गतवर्षको यही अवधिमा केराले मूल्य नपाएपछि निराश बनेका नेपाली किसान अहिले राम्रो मूल्य पाएपछि उत्साहित बनेको नेपाल केरा उत्पादक महासङ्घले जनाएको छ ।

# कर्णाली प्रदेशको मुख्यमन्त्रीमा नेता शाही नियुक्त

रासस
काठमाडौं, १२ साउन

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) कर्णाली प्रदेशसभा दल नेता मङ्गलबहादुर शाही कर्णाली प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनुभएको छ ।

प्रदेश प्रमुख जोशीले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नेता शाहीलाई मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको प्रदेश प्रमुखको कार्यालय सुर्खेतका सूचना अधिकारी मनमाया काउचाले जानकारी दिनुभयो ।

नेकपा (एमाले)को समर्थनमा आज अपरान्ह ५:०० बजे शाहीले कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीसमक्ष मुख्यमन्त्री पदका लागि दाबी पेस गर्नुभएको थियो ।

काउचाका अनुसार मुख्यमन्त्री शाहीको बुधबार शपथ ग्रहण गर्ने कार्यक्रम छ । नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बीच यही साउन ९ गते सत्ता समीकरणका लागि राष्ट्रिय सहमति भएको थियो ।


# इलेक्ट्रोनिक पसल बिक्रीमा

मियाँ पाटन तीनतिर चोकमा रहेको इलेक्ट्रोनिक पसल विषेश कारणबस बिक्रीमा छ ।

सम्पर्क: ९७६५६२४८६५

नोटः दुई सटरको १५००० भाडा रहेको छ ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ


## एउटै व्यक्ति भएको सूचना




प्रस्तुत विषयमा बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ८ निवासी भारतीय भु.पू. सैनिक नं. १४२६२१८० W का थम्मन बहादुर थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर थम्मन बहादुर थापा (THAMMAN BAHADUR THAPA) जन्म मिति वि.सं. २०१८/०७/०९ भएको र निजको नाममा भारत सरकारबाट जारी भएको सम्पूर्ण कागजातमा नाम THAMMAN BAHADUR THAPA जन्म मिति ई. सं. २९-०९-१९६७ भएको तथा निजको श्रीमती कोपिला देवी थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर कोपिला देवी थापा र जन्म मिति वि.सं. २०२५/०१/१७ भएको र निजको पतिको नाममा भारत सरकारबाट जारी भएको सम्पूर्ण कागजातमा श्रीमतीको नाम थर KUMPILA DEVI र जन्म मिति ई.सं. ०१-०७-१९६८ भै फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्तिहरु फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, ८ नं. वडा कार्यालय, बागलुङको च.नं. ०९, मिति २०८३/०४/०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला मादी गाउँपालिका वडा नं.०८ (साविक मिजुरेडाँडा-०४) निवासी भारतीय भु.पु.सै.नं. JC 173975 Y का SM/H/LT मदन गुरुङको श्रीमतीको भारतीय पेन्सन अभिलेखमा नामथर विज कुमारी गुरुङसेनी, जन्म मिति 1956/11/07 (वि.सं.२०१३।०७।२२) उल्लेख भएको र निजको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर विज कुमारी गुरुङ, जन्म मिति २०१२।०५।२१(1955 Sep 06) उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि मादी गाउँपालिका वडा नं ०८ नं. वडा कार्यालयको च.नं. ०१८ मिति २०८३।०४।०७ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, कास्की

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला साविक फिरफिरे गा.वि.स. ६ हाल शुक्लागण्डकी न.पा. - १२ निवासी भारतीय भु.पु.सै.नं. ५४४७२४१ N, दर्जा हवल्दार, पल्टन ३/५ जि.आर. का टुक बहादुर गुरुङको श्रीमती जसु गुरुङ भन्ने गिन कुमारी गुरुङको नागरिकतामा नाम थर जसु गुरुङ भन्ने गिन कुमारी गुरुङ, जन्म मिति वि.सं. २०२३/०१/३१ मा तदानुसार १९६६/०५/१३ A.D. भएको तर भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नाम थर जस माया गुरुङ, जन्म मिति वि.सं. २०१७/०२/१८ दतानुसार १९६०-०५-३१ A.D. भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी न.पा.-१२ को वडा कार्यालयको च.नं. १७ मिति २०८३/०४/०६ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागी मात्र सिफारिस गरिन्छ ।

प्रमुख जिल्ला अधिकारी

## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ६ साविक हरिचौर गा.वि.स. वडा नं. ९ निवासी भारतीय भु.पू. सैनिक RT नं १२१७६३० K का हबल्दार कुक चित्र बहादुर कडेल खत्रीको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्र नं. १३३४-१५७२ मा नाम थर डिल कुमारी कडेल खत्री र जन्म मिति ई.सं. १९५४/१०/२६ भएको र निजको पतिको भारतीय पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर डिल कुमारी र जन्म मिति ई.सं. १९४५ सेप्टेम्बर भै फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी गलकोट नगरपालिका, ६ नं. वडा कार्यालय, चरौंदी, बागलुङको च.नं. १७, मिति २०८३/०४/०८ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु.सै.न. ५०४२९७७H NK बल बहादुर गुरुङको श्रीमती सन्ती कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सन्ती कुमारी गुरुङ, जन्म मिति वि.सं. २०२१।०४।०७ तदानुसार ई.स. १९६४-०७-२२ उल्लेख भएको र पेन्सन अभिलेखमा नामथर शान्ति गुरुङ Shanti Gurung, जन्म मिति वि.सं.२०२३।११।१३ तदानुसार ई.सं. १९६७-०२-२५ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १३ नं. वडा कार्यालयको च.न. ९१ मिति २०८३।०४।११ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, कास्की

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : स्वास्थ्यमा सुधार |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# धार्मिक सहिष्णुतामा आच आउन नदिन सर्वपक्षीय बैठक

**रासस**
काठमाडौं, १२ साउन

धनुषा जिल्लामा सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुतामा आच आउन नदिन सर्वपक्षीय प्रतिबद्धता व्यक्त गरिएको छ ।

सुनसरी जिल्लामा भएको घटना पश्चात धनुषा जिल्लामा समेत उक्त प्रकारका संवेदनशील घटना भएकाले आज जिल्लामा बसेको सर्वपक्षीय सद्भाव बैठकमा उक्त प्रतिबद्धता व्यक्त गरिएको हो । विरोध प्रदर्शनका नाममा तोडफोड, आगजनी तथा व्यक्तिगत र सरकारी सम्पत्तिमा क्षति पुर्याउने गतिविधिमा संलग्न व्यक्तिमाथि कानुन बमोजिम कारबाही गरिने निर्णय भएको छ । फेसबुक, टिकटकलगायत सामाजिक सञ्जालमार्फत एक अर्काप्रति घृणा र धार्मिक विद्वेष फैलाउने तथा सामाजिक सद्भाव बिगार्ने गतिविधि नियन्त्रण गरिने बैठकले निर्णय गरेको छ । प्रजिअ प्रेमप्रसाद लुइँटेलले विभिन्न धर्म, जातजाति, भाषाभाषी तथा समुदायबीच आपसी सद्भाव, भाइचाराको सम्बन्ध कायम गर्न समुदायका अगुवा, नागरिक समाज, बुद्धिजीवी, राजनीतिक दल, विभिन्न सङ्घसंस्था तथा स्थानीय तहका जनप्रतिनिधिले आ-आफ्नो तर्फबाट पहल गर्ने निर्णय भएको जानकारी दिनुभयो । आपराधिक गतिविधिमा लागेकालाई मुलुकी अपराध संहिता, २०७४, विद्युतीय कारोबार ऐन, २०६३ तथा अन्य प्रचलित कानुन बमोजिम कारबाही गरिने निर्णयमा उल्लेख छ ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार चौधरी तथा हिन्दु र मुस्लिम समुदायका प्रतिनिधि, राजनीति दलका प्रतिनिधि, सञ्चारकर्मी लगायतको उपस्थिति थियो ।

# चिकित्सकमाथि कुटपिट र अस्पताल तोडफोड गर्नेलाई कारबाही गर्न निर्देशन

**रासस**
काठमाडौं, १२ साउन

राष्ट्रिय मानवअधिकार आयोगले नारायाणी अस्पताल वीरगञ्जका चिकित्सकमाथि कुटपिट तथा अस्पताल तोडफोडको घटनामा संलग्नलाइ कारबाही गर्न नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।

आयोगले शान्ति पूर्णरुपमा वार्ता र सम्वादकै माध्यमबाट विवादको समाधान खोजी चिकित्सक डा प्रमोद राममाथि कुटपिट र अस्पतालमा भएको तोडफोडको घटनाको सत्यतथ्य छानबिन गर्न नेपाल सरकारलाई निर्देशन समेत दिएको छ । प्रवक्ता डा टीकाराम पोखरेलले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ,“स्वास्थ्यजस्तो अत्यावश्यक सेवा बन्द हुँदा लाखौं मानिसको जीवन जोखिममा पर्न सक्नेतर्फ संवेदनशील भई सेवा सुचारु गर्न, आफ्ना विरोध र विमती राख्दा आमनागरिकको स्वास्थ्यमा असर नपर्ने प्रकृतिका अन्य वैकल्पिक उपायहरु अवलम्बन गर्न तथा वार्ताको माध्यमबाट समस्याको समाधान खोज्न आयोग नेपाल सरकार, आन्दोलनरत चिकित्सक, मृतकका परिवार तथा सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ ।” अराजकताले प्रश्रय पाएमा कानुनी शासनमाथि चुनौती खडा हुने जनाउँदै आयोगले अस्पतालको सेवा बन्द गरिँदा बिरामी उपचारबाट वञ्चित हुन परेको जनाएको छ ।

# असार मसान्तसम्म खपत भएको बिजुलीमा भ्याट नलाग्ने प्राधिकरणको प्रष्टोक्ति

**रासस**
काठमाडौं, १२ साउन

नेपाल विद्युत् प्राधिकरणले गत असार मसान्तसम्म खपत भएको बिजुलीको मूल्य अभिवृद्धि कर (भ्याट) नलाग्ने स्पष्ट पारेको छ ।

आन्तरिक राजस्व विभाग तथा ठूला करदाता कार्यालयको सूचनाअनुसार भुक्तानी भइसकेको मूल्य अभिवृद्धि कर रकमलाई अग्रिम भुक्तानी कायम गरी आगामी भदौ महिनाको बिलमा समायोजन गरिने प्राधिकरणले जनाएको छ । प्राधिकरणले सूचनामार्फत ग्राहकले भुक्तानी गरिसकेको रकमलाई आगामी महिनाको बिलमा समायोजन गर्नेगरी आवश्यक प्रबन्ध गरिएको उल्लेख गरेको छ । प्राधिकरणले विद्युत् खपतका आधारमा मासिक रुपमा बिलिङ हुने गरेको र गत असार महिनामा खपत भएको विद्युत्को बिलिङ साउनमा जारी गर्दा कर आकर्षित हुने वा नहुने भन्नेमा द्विविधा उत्पन्न भएको थियो । प्राधिकरणले यही साउन ८ गते आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयलाई पत्राचार गर्दै स्पष्ट पारिदिन आग्रह गरेको थियो । आर्थिक ऐन, २०८३ मा विद्युत्मा भ्याट लागू हुने व्यवस्था गरिएको छ । आन्तरिक राजस्व कार्यालयले सोमबार नै एक सूचनामार्फत असार मसान्तसम्मको विद्युत् उपभोग वा खपतको बिलिङमा भ्याट नलाग्ने स्पष्ट पारेको थियो । विभागले साउन १ गतेदेखि भने विद्युत् शक्तिको खपतमा न्यूनतम चार्ज वा ‘डिमाण्ड’ चार्जमा पनि भ्याट आकर्षित हुने जनाएको छ । मूल्य अभिवृद्धि कर ऐनअनुसार अन्तिम उपभोक्ताका लागि पाँच प्रतिशत र अन्यको हकमा १३ प्रतिशत भ्याट लाग्नेछ । प्राधिकरणले लिने शुल्क विद्युत् सेवाको अङ्ग भएकाले साउन १ पछि हुने खपतमा नियमानुसार भ्याट आकर्षित हने विभागको प्रष्टोक्ति छ । प्राधिकरणले असार मसान्तसम्मको बिलमा भ्याट रकम जोडेर उपभोक्तालाई बिल पठाएको थियो । त्यसरी बिल पठाइएपछि उपभोक्ताले गुनासो गरेका थिए । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले त्यसमा चासो राख्दै समस्या समाधानका लागि पहल गर्नुभएको थियो ।

# एकै दिन ४२ विपद्का घटना

**रासस**
काठमाडौं, १२ साउन

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले देशभर पछिल्लो २४ घण्टामा तीन जनाको मृत्यु र विपद्जन्य ४२ घटना भएको जानकारी दिएको छ ।

प्राधिकरणका अनुसार पहिरोमा परी तीन जनाको मृत्यु भएको छ । त्यसअवधिमा सर्पदंशका १२, पहिरोका १२, आगलागीका सात, भारी वर्षाका छ, जनावर आक्रमणका तीन, बाढीको एक र भूकम्पको एक घटना भएका छन् । ती घटनाबाट ३४ जिल्ला प्रभावित भएका छन् ।

प्राधिकरणका अनुसार सर्पदंशबाट १२, पहिरोबाट चार, आगलागीबाट दुई, भारी वर्षाबाट एक र जनावरको आक्रमणबाट दुई गरी २१ जना घाइते भएका छन् । विपद्का घटनाबाट अनुमानित रु एक करोड २२ लाख ४५ हजार मूल्य बराबरको क्षति भएको छ ।

यसैगरी देशभर नौ सडक खण्ड अझै अवरुद्ध छन् भने २२ वटा चौपायातर्फ क्षति भएको प्राधिकरणले जनाएको छ ।


## धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनीक सूचना

प्रकाशित मितिः २०८३/०४/१३ पोखरापत्र राष्ट्रिय दैनिक

धनी कास्की जिल्ला पोखरा म.न.पा. नं. ३०, खुदी ढुंगेपाटन स्थित हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलका ऋणीले लिएको कर्जा रकमको साँवा, सो को ब्याज र हर्जना समेत नतिरी संस्थाले पटक पटक ऋण तिर्न मौखिक तथा लिखित जानकारी/अनुरोध गर्दा समेत तिर्नुपर्ने रकम नतिरेकाले निज ऋणीको नाममा मिति २०८१/१२/०४ को समाधान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको । सो गर्दा समेत कर्जा नतिरी बेवास्ता आलटाल गरेकोले निज ऋणीले कर्जा लिदाँका बखत यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको धितोको जग्गा लिलाम बिक्री गरी लेना रकम असुल उपर गरिने भएकोले गण्डकी प्रदेश सहकारी ऐन २०७५ को दफा ६५(१) तथा ऐ को नियमावली २०७६ को नियम २३ च एवम् संस्थाको ऋण असुली नीति २०८० बमोजिम लिलाम बढाबढका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशील**

| क्र.स. | ऋणीको नाम थर | धनजमानीको नाम थर |
|---|---|---|
| १. | **नाम : अमृता रिमाल बसौला**<br>पति : सुकलाल रिमाल<br>बाजे : मोतीलाल रिमाल<br>स्थायी ठेगाना : लेखनाथ न.पा.१, कास्की<br>हाल : पोखरा २९, कास्की<br>ना.प्र.नं.:४६१००२/३७२०, कास्की<br>जारि मिति :२०६६/१२/०१ | **नाम : सुकलाल रिमाल**<br>बाबु : मोतीलाल रिमाल<br>बाजे : टिकाराम रिमाल<br>स्थायी ठेगाना : लेखनाथ न.पा.१, कास्की<br>ना.प्र.नं. : २४७६०४७० पर्सा, कास्की<br>जारि मिति : २०७०/१२/०५ |

**धितोको विवरण**ः कास्की जिल्ला साविक शिशुवा वडा नं. ३, हाल पोखरा महानगरपालिका ३० कित्ता नं. २७९७ क्षेत्रफल ०-३-१-० जग्गा र सो मा बनेको लिगलगापात समेत

**सर्तहरु :**

१. लिलाम बिक्री यो सूचना प्रकाशित मितिले ३६औं दिनमा र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट यस हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा बिहान ११ : ०० बजेदेखि २ : ०० बजेसम्म लिलाम बोलकबोल गर्न सकिने छ ।
२. लिलाम बढाबढको बोलकबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी स्वरुप तत्कालै दाखिला गर्नुपर्ने छ । बाँकी रकम लिलाम भएको मितिले १५ दिनभित्र दाखिला गर्नुपर्ने छ । १५ दिनभित्र बाँकी रकम दाखिल नगरेमा लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुन लिलाम बढाबढको सूचना प्रकाशित गरिनेछ । धितोमा रहेको जग्गा नामसारी गरी लिदाँ लाग्ने सम्पूर्ण रजिस्ट्रेशन र लाभकर लिलाम सकार गर्नेले भुक्तानी गर्नुपर्ने छ ।
३. शर्त सहितको लिलाम बढाबढ मान्य हुनेछैन ।
४. लिलाम बढाबढ हुँदा सबैभन्दा बढी रकम बोलकबोल गर्नेलाई सकार गराईनेछ तर लिलाम स्विकार गर्ने नगर्ने अधिकार संस्थामा निहित रहने छ ।
५. यस सम्बन्धमा थप बुझ्नुपर्ने भए हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा सम्पर्क राख्नुहोला ।

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१-५०४०४९,५०४०६१

## भाखा नाघेको ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८३/०४/१३ पोखरापत्र राष्ट्रिय दैनिक

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले उपयोग गरेको ऋण संस्था सँग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम तिर्न बुझाउन नआई आलटाल गरेको र तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा समेत वेवास्ता गरी अटेर गर्नु भएकोले गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को नियम २३ (क) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र संस्थामा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम तिर्न बुझाउनहुन सूचित गरिन्छ । अन्यथा गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को दफा २३ (ख) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनु पर्ने साँवा, व्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत अशुल उपर गरिने व्यहोरा अवगत गराइन्छ ।

**तपशील**

| क्र.स. | ऋणीको नाम थर | धनजमानीको नाम थर |
|---|---|---|
| १. | **नाम : शुष्मा हमाल**<br>पति : अमृत हमाल<br>बाजे/ससुरा : हेम बहादुर हमाल<br>स्थायी ठेगाना : लेखनाथ न.पा.१२, कास्की<br>ना.प्र.नं. : १५७५८६, कास्की<br>जारि मिति :२०६२/०२/०४ | **नाम : अमृत हमाल**<br>पिता : हेम बहादुर हमाल<br>बाजे/ससुरा : राजेन्द्र बहादुर हमाल<br>स्थायी ठेगाना : लेखनाथ न.पा.१२, कास्की<br>ना.प्र.नं. : ७३९८५ कास्की<br>जारि मिति : २०५५/०४/१५ |

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१-५०४०४९,५०४०६१

## धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनीक सूचना

प्रकाशित मितिः २०८३/०४/१३ पोखरापत्र राष्ट्रिय दैनिक

धनी कास्की जिल्ला पोखरा म.न.पा. नं. ३०, खुदी ढुंगेपाटन स्थित हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलका ऋणीले लिएको कर्जा रकमको साँवा, सो को ब्याज र हर्जना समेत नतिरी संस्थाले पटक पटक ऋण तिर्न मौखिक तथा लिखित जानकारी /अनुरोध गर्दा समेत तिर्नुपर्ने रकम नतिरेकाले निज ऋणीको नाममा मिति २०८२/०८/०१ को आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको । सो गर्दा समेत कर्जा नतिरी बेवास्ता आलटाल गरेकोले निज ऋणीले कर्जा लिदाँका बखत यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको धितोको जग्गा लिलाम बिक्री गरी लेना रकम असुल उपर गरिने भएकोले गण्डकी प्रदेश सहकारी ऐन २०७५ को दफा ६५(१) तथा ऐ को नियमावली २०७६ को नियम २३ च एवम् संस्थाको ऋण असुली नीति २०८० बमोजिम लिलाम बढाबढका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशील**

| क्र.स. | ऋणीको नाम थर | धनजमानीको नाम थर |
|---|---|---|
| १. | **नाम : कृष्णराज घिमिरे**<br>बाबु : गौरिलाल घिमिरे<br>बाजे : बलभद्र घिमिरे<br>स्थायी ठेगाना : दमौली-०६, तनहुँ<br>ना.प्र.नं.: ३९०, तनहुँ<br>जारि मिति : २०३४/११/२२ | **नाम : गौरी देवी घिमिरे**<br>पति : कृष्णराज घिमिरे<br>बाजे : गौरिलाल घिमिरे<br>स्थायी ठेगाना : व्यास -०२, तनहुँ<br>ना.प्र.नं.: ३१९३, तनहुँ<br>जारि मिति : २०४३/११/१७ |

**धितोको विवरण**ः देउराली गा.वि.स. वडा नं ०४ कित्ता नं. ५३६ र ५३८ क्षेत्रफल क्रमश २-१-३-० र ३-२-१-१, खाल्टे गा.वि.स ०७ कित्ता नं.२५६, २६१, २७६ र २७७ क्षेत्रफल क्रमश १-१५-१-१, ५-२-१-०, ०-१५-२-१ र १-१-०-२

**सर्तहरु :**

१. लिलाम बिक्री यो सूचना प्रकाशित मितिले ३६औं दिनमा र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट यस हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा बिहान ११ : ०० बजेदेखि २ : ०० बजेसम्म लिलाम बोलकबोल गर्न सकिने छ ।
२. लिलाम बढाबढको बोलकबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी स्वरुप तत्कालै दाखिला गर्नुपर्ने छ । बाँकी रकम लिलाम भएको मितिले १५ दिनभित्र दाखिला गर्नुपर्ने छ । १५ दिनभित्र बाँकी रकम दाखिल नगरेमा लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुन लिलाम बढाबढको सूचना प्रकाशित गरिनेछ । धितोमा रहेको जग्गा नामसारी गरी लिदाँ लाग्ने सम्पूर्ण रजिस्ट्रेशन र लाभकर लिलाम सकार गर्नेले भुक्तानी गर्नुपर्ने छ ।
३. शर्त सहितको लिलाम बढाबढ मान्य हुनेछैन ।
४. लिलाम बढाबढ हुँदा सबैभन्दा बढी रकम बोलकबोल गर्नेलाई सकार गराईनेछ तर लिलाम स्विकार गर्ने नगर्ने अधिकार संस्थामा निहित रहने छ ।
५. यस सम्बन्धमा थप बुझ्नुपर्ने भए हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा सम्पर्क राख्नुहोला ।

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१-५०४०४९,५०४०६१